# २०८१/१०/०३ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिका बैठकका निर्णयहरू:

१. मिति २०८१/०९/१६ गते बसेको जिल्ला विपद् ब्यवस्थापन समितिका बैठकका निर्णयहरु र मिति २०८१/०९/२२ गते विपद् व्यवस्थापनको क्षेत्रमा क्रियाशिल सरकारी, गैरसरकारी निकायसँग सम्पन्न विपद् व्यवस्थापन समितिका निर्णणहरुको सम्बन्धित सबैले इमान्दारिता र जवाफदेहीताकासाथ कार्यान्वयन गर्ने।

२. २०८१/१०/०२ गते भूकम्प दिवसको अवसरमा आयोजित सचेतनामूलक र्‍याली तथा विपद् सम्बन्धी व्यवाहिरक अभ्यास कार्यक्रम उपलब्धीमूलक रहेको समिक्षा गरियो।

३. तेह्रथुम जिल्ला आगलागीका दृष्टिले अत्यन्तै संवेदनशील रहेको, गत बर्ष करिब रु.६,४७,०८,१४०।- बराबरको भौतिक क्षति भएको सन्दर्भमा यो बर्ष मानवीय क्षति शुन्य (0) गर्ने र भौतिक क्षति कम्तिमा आधाले घटाउने गरी सबैले जवाफदेहिताका साथ काम गर्ने।

४. अत्याधिक आगलागी हुने क्षेत्रहरुमा आगलागी नियन्त्रण तथा रोकथाम सम्बन्धी जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, डिभिजन वन कार्यालय, स्थानीय तह, सांमुदायिक वन र सम्बन्धित अन्य संघ संस्थाले विभिन्न माध्यमबाट व्यापक मात्रामा आगलागी नियन्त्रण सम्बन्धि सूचना सम्प्रेषण गर्ने।

५. आगलागी सम्बन्धी सूचना/पुर्व सूचना दिनेको नाम गोप्य राख्दै जिल्ला प्रशासन कार्यालयबाट उचित सम्मान गर्ने।

६. सुरक्षा निकाय, डिभिजन वन कार्यालय, स्थानीय तह, सामुदायिक वनले आवश्यकतानुसार समन्वयात्मक वा एकल रुपमा अग्नी रेखा कोर्ने, जंगलको पत्कर, फोहोर, झ्यास, झाडी इत्यादीको शीघ्र उचित व्यवस्थापन गर्ने र त्यसको प्रगति प्रतिवेदन जिल्ला प्रशासन पठाउने।

७. सामुदायिक वनमा लागेको आगोको सम्बन्धमा सम्बन्धित सामुदायिक वनले आगो के, कसरी, किन लाग्यो, कसले लगायो, आगलागीको घटनाबाट के सिकाई भयो लगायतका विवरण जिल्ला प्रशासन कार्यालय, डिभिजन वन कार्यालय र सम्बन्धित स्थानीय तहमा घटना घटेको ३ दिन भित्रमा पठाउने। प्रशासनले आवश्यकतानुसार अनुरुप कारवाही गर्ने।

८. आगलागीको समयमा सबै ठाउँमा तत्कालै दमकल पुर्‍याउन पुग्ने नहुन पनि सक्ने भएकाले सबै स्थानीय तह अन्य यातायतका साधन र उपकरणहरुको राम्रो बन्दोवस्त गरी तयारी अवस्थामा रहने।

९. जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, डिभिजन वन कार्यालय, सबै स्थानीय तहका प्रमुख/उप-प्रमुख प्रमुख प्रशासकिय अधिकृत/विपद् सम्पर्क ब्यक्ति/वडाध्यक्ष/वडा सचिव,स्वास्थ्य कार्यालय, अस्पताल, नेपाल विद्युत प्राधिकरण,नेपाल टेलिकम, उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी र सामुदायिक वनका जिम्मेवार ब्यक्तिहरुको फोन जुनसुकै समयमा पनि रिसिभ हुनुपर्ने, स्वीच अफ गर्न नपाइने।

१०. विगत ६/८ महिनादेखि निरन्तर रुपमा निर्णय हुदैं आएको पोखरी निर्माणको प्रगति सबै स्थानीय तह, डिभीजन वन कार्यालय र अन्य सरोकारवाले जिल्ला प्रशासन कार्यालयमा पठाउँने।

११. असोज ९ गतेदेखि १२ गतेसम्म(२०८१ साल) को अविरल बर्षाका कारण पूर्णक्षति पुगेका घर निर्माणका लागि बजेट व्यवस्था भैसकेकोले सम्बन्धित वडाध्यक्षहरुले घर निर्माण कार्यलाई तिव्रता दिने र सो को प्रगति प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउँने।

१२. मिति २०८१/०६/०९ देखि २०८१/०६/१२ गते सम्मको अविरल वर्षाका कारण यस जिल्लामा विभिन्न स्थानका घरहरुमा क्षति भई राहतका लागि प्राप्त निवेदनहरुलाई अध्ययन गरी क्षतिको विवरण तथा बजेट सिमाको आधारमा घर मर्मतका लागि तपशिल बमोजिम राहत उपलब्ध गराउँने।

| क्र.स. | नामथर | ठेगाना | रकम |
|---|---|---|---|
| १. | मिङमा छेतर शेर्पा | छथर गा.पा.-१ | रु.३०,०००.।- |
| २. | कुमार श्रेष्ठ | छथर गा.पा.-१ | रु.२०,०००।- |
| ३. | आस बहादुर लिम्बु | छथर गा.पा.-२ | रु.४०,०००।- |
| ४. | धन माया सम्वाहाम्फे | म्याङलुङ्ग न.पा.-७ | रु.८०,०००।- |
| ५. | श्याम बहादुर लिम्बु | म्याङलुङ्ग न.पा.-७ | रु.५०,०००।- |
| ६. | दासङ शेर्पा | म्याङलुङ्ग न.पा.-६ | रु.२०,०००।- |
| ७. | पवित्रा माया लिम्बु | म्याङलुङ्ग न.पा.-९ | रु.२०,०००।- |
| ८. | मान बहादुर लिम्बु | म्याङलुङ्ग न.पा.-५ | रु.३०,०००।- |
| ९. | ललीता लिम्बु | म्याङलुङ्ग न.पा.-७ | रु.५०,०००।- |
| १०. | नर माया नेपाली(सार्की) | म्याङलुङ्ग न.पा.-३ | रु.३०,०००।- |
| ११. | मन माया भूजेल | म्याङलुङ्ग न.पा.-७ | रु.३०,०००।- |
| ११. | रुद्र थापा | फेदाप गा.पा.-५ | रु.५०,०००।- |
| १२. | शम्भू शेर्पा | म्याङलुङ्ग न.पा.-६ | रु.३०,०००।- |
| १३. | नर माया नेपाली | म्याङलुङ्ग न.पा.-३ | रु.२०,०००।- |

१३. यसअघि भएका जलवायु परिवर्तनजन्य विपद्, कृषि प्रणाली अनुकुलको नीति र कार्यक्रम संचालन विपद् संवेदनशील विकास तथा दिगो विकासको अवधारणा कार्यान्वयन, वातावरण संरक्षण, कुनैपनि महामारीजन्य रोग लाग्न नदिन सजगता अपनाउँने लगायतका कार्यहरु सम्बन्धित निकायले जवाहदेहीतापूर्ण तरिकाले कार्यान्वयन गर्ने।

१४. म्याङलुङ्ग नगरपालिका नगर कार्यपालिकाको कार्यालयको पत्र संख्या २०८१/०८२ चलानी नम्बर ११९९ मिति २०८१/०९/१८ को पत्र मार्फत ढुंगा,गिट्टी र माटो जन् पदार्थ हटाउने सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समितिमा पत्रचार भएको हुदाँ सो सम्बन्धमा ढुंगा, गिट्टी, वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन मापदण्ड २०७७ र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०८१ अन्तरगत रही जिल्ला समन्वय समितिसँग समन्वय गरी विपद् सम्बोधनार्थ समन्वय गर्ने।